# आर्थिक बर्ष २०७५/०७६ को

# नीति, बजेट तथा कार्यक्रम

## थासाङ गाउँपालिका

## कोबाङ, मुस्ताङ्ग

**यस सभाका अध्यक्ष महोदय,**

थासाङ गाउँपालिकाको उपाध्यक्षको हैसियतले यस गाउँपालिकाको दोश्रो बजेट, नीति तथा कार्यक्रम यस गरिमामय गाउँसभामा पेश गर्न पाउदा अन्त्यत गौरवान्वित भएको छु । यस अवसरमा राजनीतिक परिवर्तनको लागि जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै राजनीतिक-सामाजिक परिवेशमा आफ्नो ज्यानको वाजी राखी संघर्ष गर्ने र नेतृत्व लिने सवै अग्रज र आदरणीय व्यक्तित्वहरु प्रति आदरभाव सहित हार्दिक सम्मान प्रकट गर्न चाहन्छु ।

स्थानीय, प्रदेश र केन्द्र गरी तीनै तहको निर्वाचन सु-सम्पन्न भई संक्रमणकालको अन्त्य सँगै देशले राजनितिक स्थिरता संगसंगै उच्च आर्थिक वृद्धिको लागि देश अगाडि बढिरहेको छ । स्थानीय जनता आफैंले स्थानीय तहको शासन प्रक्रिया अघि वढाउने, विकास र निर्माण कार्यमा जनताकै आवाज मुखरित र संगठित हुने वातावरण वनेको छ । सहभागितामुलक शासन प्रणाली, जनताको सार्वभौम अधिकारको प्रयोग, स्थानीय स्रोत र साधनमा पहिचान तथा परिचालनमा पहुँचका साथै प्रभुत्व वढेको छ । दशकौं देखिको स्थानीयवासीको सपना, सामाजिक-राजनीतिक-आर्थिक-सांस्कृतिक रुपान्तरणलाई आत्मसाथ साकार पार्ने साझा शासनको थलोका रुपमा नागरिकले आफ्नो घर आँगनमा स्थानीय सरकार पाएका छन् ।

यस अवसरमा हामिले यस गाउँपालिकाको वस्ति र वडाका आवश्यकता तथा माग बमोजिम कृषि, पर्यटन, पुर्वाधार, शिक्षा, स्वास्थ्य, सामाजिक, सांस्कृतिक, वन तथा वातावरण लगायत सर्वाङ्गीण विकास गर्न उपलब्ध स्रोत र साधनको उच्चतम उपयोग गर्दै विकासको सम्भावनालाई उजागर गर्ने तर्फ केन्द्रित हुनेछौ ।

**अध्यक्ष महोदय,**

अब आगामी आर्थिक वर्ष २०७५/०७६ को थासाङ गाउँपालिकाले अवलम्बल गर्ने नीतिहरु संक्षिप्त रुपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

आ.व. ०७५।७६ को बजेट तथा कार्यक्रम तर्जुमा गर्दा प्राथमिकीकरणका आधार देहायबमोजिम हुने निर्णय गरिएको थियो ।

१) आर्थिक विकास र पूर्वाधार विकासमा प्रत्यक्ष योगदान पुऱ्याउने ।

२) शिक्षा, स्वास्थ्य, लैङ्गिक समानता, सामाजिक समावेशीकरणको अभिवृद्धी हुने ।

३) राजस्व परिचालनमा योगदान पुऱ्याउने ।

४) वातावरण संरक्षण, दिगो विकास, विपद् व्यवस्थापन र जलवायु परिवर्तनका नकारात्मक असर कम गर्न योगदान पुऱ्याउने ।

५) स्थान विशेषको संस्कृति र पहिचान प्रवर्द्धन गर्ने ।

यस आ.व. मा चालु तर्फ रु १५ करोड ४२ लाख ७२ हजार ५ सय र पुजीगत तर्फ ७ करोड ७ लाख ८ हजार गरी कुल जम्मा रु २२ करोड ४९ लाख ८० हजार ५ सय को वजेट पेश गरेको छु । जसमा खर्च व्यहोर्ने श्रोत निम्नानुसार रहेको छ ।

१. नेपाल सरकार वित्तिय समानिकरण अनुदान- रु ६ करोड

२. सर्शत अनुदान- रु ९ करोड ५५ लाख

३. राजश्व बाडफाड- रु ३ करोड

४. प्रदेश समानीकरण अनुदान- रु १ करोड ९ लाख २७ हजार

५. सवारी साधन कर बाडफाड- रु ९ लाख ४७ हजार

६. पर्वतारोहण रोयल्टी- रु ६ लाख

७. पर्यटन रोयल्टी- रु ५० लाख

८. घरजग्गा रजिष्ट्रेशन शुल्क बाडफाड- रु १ लाख

९. विद्युत रोयल्टी- रु ४० लाख

१०. सामाजिक सुरक्षा- ८० लाख

११. आन्तरिक राजश्व- २५ लाख

१२. आ.व. ७४।७५ को मौज्दात- रु ७४ लाख ६ हजार ५००

**जम्मा २२ करोड ४९ लाख ८० हजार ५००**

**अध्यक्ष महोदय,**

उपरोक्त वजेटलाई निम्नानुसारका शिर्षकहरुमा विभाजन गरी सो अनुसारका कार्यक्रमहरु संक्षेपमा प्रस्तुत गर्दछु ।

**(क) आर्थिक विकास (कृषि, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी र वित्तिय क्षेत्र) तर्फः** १ करोड ५३ लाख ५२ हजार ५०० बिनियोजन गरेको छु ।

१. कृषि तथा पशुपालनको माध्यम वाट थासाङ गाउँपालिका अगाडि बढाउनको लागि व्यवसायिक कृषि तथा पशुपालनको निति अवलम्वन गरिनेछ । साथै व्यवसायिक कृषि तथा पशुपालनको लागि रु २० लाख बिनियोजन गरेको छु ।

२. स्याउ कार्टुन छपाई, नमुना फाइबर ग्लास हाउस निर्माण, उन्नत जातको बिउ बिजन, मल, कृषि औजार, उपकरण वितरण लगायत विभिन्न कार्यकमहरु संचालन गर्नको लागि र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तरगत आलु ब्लक कार्यकम संचालनको लागि कृषि तर्फ रु ३८ लाख बिनियोजन गरेको छु ।

३. पशुसेवा कार्यक्रममा रु २७ लाख बिनियोजन गरेको छु ।

४. ओखर खेती विस्तार एवं प्रवर्द्धन गर्न आवश्यक वजेट व्यवस्था गरेको छु ।

५. मार्चे लेक तथा मुली लेकमा चौरी पालन कार्यलाई प्रभावकारी बनाइनेछ ।

६. युवा स्वरोजगार कार्यकम संचालन गरिनेछ ।

७. गुरुसाङ्मो, सेकुङ ताल, भुतर्छो ताल संरक्षणको लागि DPR तयार गरिनेछ । साथै DPR अनुसार कार्य अगाडि बढाइनेछ ।

८. प्राकृतिक साधन र श्रोतहरुको उपयोगको लागि EIA/IEE गरिनेछ र सो अनुसार उपयोगको निति अवलम्वन गरिनेछ ।

**(ख) सामाजिक विकास, (शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, सस्कृतिक प्रर्वधन, लैङ्गिक समानता तथा समाजिक समावेशीकरण) तर्फः**

नेपालको संविधानले प्रत्येक नागरिकलाई राज्य वाट आधारभूत स्वास्थ्य सेवा तथा निशुल्क शिक्षा प्राप्त गर्ने नागरिकको हक को रुपमा प्रत्याभुत गरेको छ । यसलाई कार्यान्वयन गर्न थासाङ गाउँ पालिकाले निम्न रणनिति तय गरेको छ । यसको लागि कुल रकम रु २ करोड ४ लाख १९ हजार बिनियोजन गरेको छु ।

- ✓ **स्वास्थ्य :**

१.स्वास्थ्य संस्थाहरुमा औषधि तथा औजारको आपूर्ती सुनिश्चित गर्न रु १६ लाख बिनियोजन गरेको छु ।

२. जटिलता युक्त प्रसुति गर्नको लागी यातायात सोधभर्नाको लागी रु १ लाख बिनियोजन गरेको छु ।

३. कोबाङ र कुन्जो मा बर्थिङ सेन्टर संचालनको लागी रु १५ लाख बिनियोजन गरेको छु ।

४. सुनौलो १००० दिनको आमाको पोषण सुधारको लागी अण्डा र आयोडिन नून वितरणको लागि रु १ लाख २० हजार बिनियोजन गरेको छु ।

५. स्वास्थकर्मीको क्षमता विकासको लागि रिफ्रेसर तालिमको लागि रु ८० हजार बिनियोजन गरेको छु ।

६. एम्बुलेन्स संचालनको लागि रु ३ लाख ५० हजार व्यवस्था गरेको छु ।

७. वडा नं. ४ मा स्वास्थ्य चौकी भवन निर्माणको लागि समपुरक वजेट रु ५ लाख बिनियोजन गरेको छु ।

- ✓ **शिक्षा :**

१. दिवा खाजा र बाल शिक्षाको लागि बाल विकाश केन्द्रमा पढाउने शिक्षिकाको पारिश्रमिक वृद्धि वापत यसको लागि रु ५ लाख बिनियोजन गरेको छु ।

२. विद्यार्थीलाई निःशुल्क पाठ्य पुस्तक वितरणको लागि आवश्यक वजेटको व्यवस्था गरेको छु ।

३. कक्षा ५ र ८ को परिक्षा संचालन गर्न रु ६० हजार बिनियोजन गरेको छु ।

- ✓ **महिला तथा बालवालिका :**

१. लैंगिक हिंसा न्यूनिकरण गर्नको लागि आवश्यक वजेटको व्यवस्था गरेको छु ।

२. महिलाको क्षमता विकासको लागि आवश्यक वजेटको व्यवस्था गरेको छु ।

३. बालवालिकाको दृष्टि परिक्षण गर्नको लागि विद्यालय बालवालिका आखा परिक्षण सिविर संचालन गर्न आवश्यक वजेटको व्यवस्था गरेको छु ।

**(ग) पुर्वाधार विकास (सडक तथा पुल झोलुङ्गे पुल सिंचाई, भवन तथा सहकारी विकास, उर्जा लघु तथा साना जलविद्युत वैकल्पिक उर्जा समेत सञ्चार) तर्फः**

पूर्वधार विकास तर्फ कुल रकम रु ३ करोड ३९ लाख ५५ हजार वजेट व्यवस्था गरेको छु । गत वर्षका क्रमागत योजनाहरु मध्ये,

१. निलगिरी यूवा भवन, निर्माण सम्पन्न गरिने छ ।

२. झोंगो सिंचाइ  कुलो सम्पन्न गरिने छ ।

३. ४ नं. वडा कार्यालय भवन सम्पन्न गरिने छ ।

४. नर्सिङ क्याटर भवन सम्पन्न गरिने छ ।

५. कुञ्जो कभर्ड हल सम्पन्न गरिने छ ।

६. टुकुचे दलित भवन सम्पन्न गरिने छ ।

७. पूर्वाधार अन्तरगत कृषि सडक, पर्यटकिय पदमार्ग निर्माण, ढल निकास, सामुदायिक भवन निर्माण तथा मर्मत सडक निर्माण खानेपानी, सिंचाइ, खेल मैदान, निर्माण गुम्बा, मन्दिर पुल पुलेसा संरक्षण आदिको कार्य गरिने छ ।

८. गाउँपालिका गौरवका योजना अर्न्तगत झोंगो सिचाइ निर्माण, अन्नपूर्ण पदमार्ग निर्माण र व्यवसायिक तरकारी तथा पशुपालनको लागि आवश्यक वजेटको व्यवस्था गरेको छु ।

**(घ) वातावरण तथा विपत व्यवस्थापन(वन तथा भू-संरक्षण, जलवायु परिवर्तन, फोहर मैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण, विपत व्यवस्थापन, वारुण यन्त्र सञ्चालन) तर्फ** :  कुल रकम रु ६८ लाख ३० हजार बिनियोजन गरेको छु ।

१. टुकुचे गाउँको ढल निर्माण सम्पन्न गर्न रु ८ लाख, चोखोपानी नदी नियन्त्रण गर्न रु ५ लाख, फ्वाङ खोला नियन्त्रणका साथै लेते समाज घर नजिकै स्नान घर र शौचालयको निर्माण, लार्जुङ ढल निकास, वडा नं. २ मा वडा स्तरिय सरसफाई कार्यक्रम संचालन गर्न आवश्यक वजेटको व्यवस्था गरेको छु ।

२. गाउँपालिका गौरबको आयोजना अन्तरगत चोखोपानी देखि धम्पु सम्म कालिगण्डकी नियन्त्रणको लागि DPR तयार गर्न आवश्यक वजेट व्यवस्था गरेको छु ।

३. धम्पु डाडा मुनि पहिरो नियन्त्रणको लागि वजेट व्यवस्था गरेको छु । थासाङ ५ अन्तरगत ताग्लुङमा ढल निकास तथा कुञ्जोमा डम्पिङ साइड निर्माणको लागि आवश्यक वजेट व्यवस्था गरेको छु ।

**(ङ) वित्तिय व्यवस्थापन र सुशासन  (लेखाङ्कन, राजस्व परिचालन वित्तीय अनुशासन, वित्तिय जोखिम न्यूनीकरण, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, आ.ले.प., म.ले.प.,वेरुजु फर्छौट, सञ्चार व्यवस्थापन) तथा अन्य तर्फ :**

१. प्रत्येक वडामा कम्तिमा १ जना वडा सचिवको लागि आवश्यक पहल गरिने छ ।

२. ४ नं. को वडा कार्यलय भवन सम्पन्न गरी कार्यालयको कामकाजलाई व्यवस्थित बनाइनेछ ।

३. ३ नं. को वडा कार्यलयको नव निर्मित भवन सम्पन्न गरी कार्यालयको कामकाजलाई व्यवस्थित बनाइनेछ ।

४. १ नं. वडा कार्यालयलाई सेवाग्राही मुखी बनाइनेछ । जसको लागि रु २ लाख बिनियोजन गरेको छु ।

५. व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ताको कामलाई प्रभावकारी बनाइनेछ ।

६. गाउँपालिका र प्रत्येक वडा कार्यालयहरुको नागरिक वडा पत्र राखिनेछ ।

७. प्रत्येक वडा कार्यालयलाई १-१ वटा मोटरसाइकल व्यवस्था गरिनेछ ।

८. प्रत्येक वडा कार्यालयमा र प्राथमिक स्वास्थ्य केन्द्रमा इन्टरनेट सेवा प्रदान गरिनेछ ।

९. कर्मचारीहरुको क्षमता विकासका लागि आवश्यक तालिमको व्यवस्था गरिनेछ ।

१०. गाउँपालिका सदस्य एवं कर्मचारीहरुको लागि अवलोकन भ्रमण कार्यक्रम गरिने छ । यसको लागि रु ७ लाख बिनियोजन गरिएको छु ।

यस आ.व. ०७४।७५ मा राजश्व बाडफाड तर्फ रु ६७ लाख ७५ हजारको विभिन्न योजनाहरु सम्झौता गरी कार्यन्वयन गरिएको तर राजश्व बाडफाड तर्फ वजेट प्राप्त नभएकोले भुक्तानी दिन नसकिएको हुदाँ आगामि आ.व. ०७५।७६ मा उक्त रकम भुक्तानीको व्यवस्था मिलाउने छु ।

**क्षेत्रगत विकास तर्फः**

- **आर्थिक विकासमा** रु. १ करोड ५३ लाख ५२ हजार ५०० सय,
- **वातावरण तथा विपद् व्यवस्थापनमा** रु. ६८ लाख ३० हजार,
- **पुर्वाधार विकासमा** रु. ३ करोड ३९ लाख ५५ हजार,
- **सामाजिक विकासमा** रु. २ करोड ४ लाख १९ हजार,
- **संस्थागत विकास तथा सेवा प्रवाहमा** रु. १ करोड २४ लाख २४ हजार विनियोजन गरेको छु ।

अन्तमा, यस आ.व. २०७५/७६ को नीति, वजेट तथा कार्यक्रमको तर्जुमा प्रक्रियामा सहयोग पुर्याउनु हुने गाउँपालिकाका अध्यक्ष ज्यू लगायत अन्य पदाधिकारी ज्यूहरु, यस गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत लगायत अन्य कर्मचारीहरु, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरु, गैर सरकारी संस्थाका प्रमुख प्रतिनिधिज्यूहरु, नागरिक समाजका अगुवाज्यूहरु र सम्पूर्ण गाउँपालिकाबासी दाजु भाई तथा दिदि वहिनीहरुलाई धन्यवाद ज्ञापन गर्दै गाउँवासीका चाहाना र आवश्यकताहरुलाई यस वर्षको नीति वजेट तथा कार्यक्रमले केहि हद सम्म भएपनि समेट्ने छ भन्ने आशा र विश्वास राख्दै थासाङ गाउँपालिकाको नीति, वजेट तथा कार्यक्रमको बक्तव्य यही टुंग्याउछु । धन्यवाद !

२०७५ आषाढ ।

उपाध्यक्ष
बालकुमारी शेरचन
थासाङ गाउँपालिका
कोवाङ, मुस्ताङ्ग ।